Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082
कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
वर्ष: २६ | अंक: ५५ | वि.सं. २०८३ जेठ २४ आइतवार | नेपाल संवत्: ११४५, ज्येष्ठ कृष्ण षष्ठी | Sunday 7 June 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## नेपालगन्जमा प्रविधि राष्ट्रिय सम्मेलन



**युग संवाददाता**
**नेपालगन्ज, २३ जेठ ।**

नेपालगन्जमा आइतबारदेखि रुपान्तरणका लागि प्रविधि राष्ट्रिय सम्मेलन हुँदै छ। लुम्बिनी प्राविधिक विश्वविद्यालय, इन्जिनियरिङ तथा सूचना प्रविधि अध्ययन संस्थान अन्तरगतको अनुसन्धान, नवप्रवर्तन तथा विकास एकाइको आयोजनामा दुई दिने सो राष्ट्रिय सम्मेलन हुन लागेको हो।

इन्जिनियरिङ तथा सूचना प्रविधि अध्ययन संस्थानका डिन डा निरज केसीले प्राविधिक ज्ञानको प्रभावकारी कार्यान्वयनमार्फत समाजमा देखिएका समस्या समाधान खोज्न सम्मेलनले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे। उनका अनुसार सम्मेलनमा विभिन्न विषयगत नौ वटा सत्र सञ्चालन हुनेछन्।

विश्वविद्यालयका उपकुलपति प्राडा विनोदप्रसाद ढकालले सम्मेलनमा नवयुवा अनुसन्धानकर्ताको अनुसन्धान प्रस्तुत गरिने तथा प्रविधिलाई लुम्बिनी प्रदेशको विकाससँग कसरी जोड्न सकिन्छ भन्ने विषयमा प्यानल छलफल आयोजना गरिने बताए।

बाँकी ३ पेजमा

# कर्णाली सरकारको नीतिबाट हट्यो
# ‘बैंक खाता छोरीको, सुरक्षा जीवनभरिको’ कार्यक्रम

### दिर्घकालिन आर्थिक भारका विषयमा अध्ययन नै नगरी अघि बढाइएको कार्यक्रम कार्यान्वयनमा थप दायित्व सिर्जना भएपछि प्रदेश सरकारले यसको निकास निकाल्न कर्मचारी तथा जनप्रतिनिधिसँग विभिन्न समयमा छलफल गरी झण्डै ३५ लाख खर्चेको देखिन्छ। तर, उपलब्धि भने सून्य छ।

**ओम शाही**
**सुर्खेत, २३ जेठ ।**

२ पुस २०७६ मा कर्णाली प्रदेशका तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले गृहजिल्ला कालीकोट पुगेर ‘बैंक खाता छोरीको, सुरक्षा जीवनभरिको कार्यक्रम’ को तामझामका साथ सुभारम्भ गरे। छोरीलाई गरिने लैंगिक विभेदको अन्त्य, बालविवाह न्यूनीकरण, बालिकाको उच्च शिक्षामा सहयोग गर्ने उद्देश्यका साथ महत्वाकांक्षी बैंक खाता छोरीको, सुरक्षा जीवनभरिको कार्यक्रम सुभारम्भ भएको थियो।

तत्कालिन समयमा यो कार्यक्रम घोषणा हुँदा प्रदेश सरकारको निकै प्रशंसा भएको थियो । बैंक खाता छोरीको, सुरक्षा जीवनभरिको कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार कर्णालीमा नयाँ जन्मिने छोरीको खातामा पहिलो महिना एक हजार र त्यसपछि मासिक पाँच सयका दरले रुपैयाँ जम्मा गरिनु पर्दछ। यसो हुँदा प्रदेश सरकारले नयाँ जन्मने छोरीको खातामा पहिलो वर्ष ६ हजार पाँच सय र दोस्रो वर्षदेखि वार्षिक ६ हजारका दरले रकम गरिदिनुपर्ने थियो।

यस हिसाबले एउटी छोरी २० वर्ष पुग्दासम्म खातामा एक लाख २० हजार पाँच सय रुपैयाँ जम्मा हुने थियो। तर, दीर्घकालिन वित्तिय भारको प्रभावलाई ध्यान नदिएरै अघि बढाइएको महत्वाकांक्षी यो कार्यक्रम अहिले आएर निष्प्रभावी बनेको छ। यतिमात्रै होइन चालु आर्थिक वर्ष २०८२/०८३ सम्म निरन्तरता पाएको कार्यक्रम आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमबाट हटेको छ।




उद्देश्यअनुसार निरन्तरता दिन कार्यविधि संशोधनमा ध्यान नदिइदा तामाझामका साथ सुरु भएको कार्यक्रम अन्तिममा आएर ठण्डाराम भएको छ। बुधबार (२० जेठ) मा कर्णाली प्रदेश सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीत तथा कार्यक्रममा छोरीको खातामा रकम बचत गरिदिने कार्यक्रम हटेको छ।

प्रदेश सरकारले नयाँ जन्मेका छोरीको नाममा खाता खोल्न र पैसा जम्मा गर्न तीन आर्थिक वर्ष (२०७६/७७ देखि २०७८/०७९ सम्म) स्थानीय तहहरुलाई निरन्तर रहम पठाएको थियो। कार्यक्रम सुरु भएको सात वर्ष पुग्दा सरकारले पछिल्ला चार आर्थिक वर्ष यता भने रकम पठाएको छैन। कार्यविधिअनुसार छोरीको खाता खोल्न र खातामा जम्मा गर्न प्रदेशको सामाजिक विकास मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई रकम उपलब्ध गराउनुपर्छ।

मन्त्रालयले अग्रिम वा सोधभर्नाका रूपमा एकमुस्ट वा पटक पटक गरेर रकम उपलब्ध गराउनसक्ने व्यवस्था कार्यविधिमा गरिएको छ। तर, आर्थिक वर्ष २०७९/०८० देखि २०८२/०८३ सम्म प्रदेश सरकारबाट यस्तो रकम स्थानीय तहमा गएको छैन। चालु आर्थिक वर्ष २०८२/०८३ मा यही शिर्षकमा पाँच करोड बजेट छ।

छोरी बचत खाता कार्यक्रमको बजेटले वित्तीय भार बढेपछि सरकारले संशोधन गरेर निरन्तरता दिने भन्दै विनियोजित बजेट खर्च नगरेको हो। तर, चार वर्षयता कार्यक्रममो कार्यविधि संशोधनसमेत गरिएको छैन। दीर्घकालिन आर्थिक भारका विषयमा अध्ययन नै नगरी अघि बढाइएको कार्यक्रम कार्यान्वयनमा थप दायित्व सिर्जना भएपछि प्रदेश सरकारले यसको निकास निकाल्न स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिसँग विभिन्न समयमा छलफल गरी झण्डै ३५ लाख खर्चेको देखिन्छ। तर, उपलब्धि भने सून्य छ।

यस कार्यक्रमलाई निरन्तरता दिन प्रदेश सरकारले २०७९/०८० मा स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिसँग छलफल र अन्तर्रक्रिया गरेर २८ लाख ७० हजार रुपैयाँ खर्चेको छ। त्यस्तै, आर्थिक वर्ष २०८०/०८१ मा कार्यक्रम संशोधन गरी छोरीको जीवन बीमा नामाकरण गरेर ६ लाख ९० हजार रुपैयाँ छलफल तथा अन्तर्क्रियामा खर्च गरेपनि कार्यक्रमले भने निरन्तरता पाउन सकेन। ‘छोरी बचत खाता कार्यक्रम कार्यान्वयनमा ल्याएपछि केकस्ता चुनौती आउँछन्, यसले दीर्घकालमा कस्तो वित्तीय भार पार्छ भन्ने विषयमा अध्ययन नगरेर अघि बढेको देखिन्छ। अहिले वित्तीय भार धान्न नसकिने अवस्था देखिएपछि कार्यक्रम नै होल्ड भएको छ।’

उनले पहिलेको कार्यविधि अनुसार सबै छोरीको खातामा

बाँकी ३ पेजमा

# सामाजिक सुरक्षा कोषमा एक खर्ब ११ अर्ब योगदान सङ्कलन

**युग संवाददाता**
**काठमाडौँ, २३ जेठ ।**

जलविद्युत् परियोजना, विद्युत् प्रसारण लाइन, सौर्य तथा नवीकरणीय ऊर्जा उत्पादन गर्ने उद्योगमा लगानी गर्ने गरी सामाजिक सुरक्षा कोषले कर्जा वा सहवित्तीयकरणमा लगानी गर्ने गरी प्राथमिकताका क्षेत्र निर्धारण गरेको छ।

कोषमा यही जेठ २० गतेसम्म रु एक खर्ब ११ अर्ब सात करोड पाँच लाख ८५ हजार बराबरको योगदान रकम जम्मा भएको छ। दैनिक रूपमा रकम थपिँदै गएकाले लगानीको दायरा विस्तार गर्नुपर्ने निष्कर्षमा कोष पुगेको छ। सोही आधारमा कोषले सरकारी स्वामित्वका कम्पनीसँग मिलेर जलविद्युत् तथा नवीकरणीय ऊर्जा परियोजनामा लगानी गर्ने नीति अख्तियार गरेको छ। कोषका चार वटा प्रस्ताव आएकामा दुई वटा प्रस्तावमाथि छलफल भइरहेको छ।

मुलुकको ऊर्जा क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ कोषमा सङ्कलन भएको प्रस्तावलाई अगाडि बढाउन लागिएको छ। कोषका निर्देशक रोहित रेग्मीले लगानी विविधिकरणका लागि प्रयास भइरहेको जानकारी दिए। कोषमा जम्मा हुने रकम बैङ्क तथा वित्तीय संस्थामा राख्दा आर्थिक विकास र समृद्धिमा योगदान हुन नसक्ने भएकाले थप क्षेत्रको खोजी गरिएको उनको भनाई छ। आगामी आर्थिक वर्षको बजेटले विभिन्न कोषमा रहेको रकमलाई उपयोग गर्ने नीति अख्तियार गरेको छ।

खानीजन्य क्षेत्रअन्तर्गत स्वदेशमा ‘क्लिङ्कर’ उत्पादन गरी सिमेन्ट उत्पादन गर्ने परियोजनामा पनि कोषले लगानी गर्ने नीति लिएको निर्देशक रेग्मीले उल्लेख गरे। उनका अनुसार कोषमा हालसम्म २३ हजार ४७६ रोजगारदाता र २९ लाख ५८ हजार ४२९ योगदानकर्ता सूचीकृत भएका छन्। कोषले कुल दाबी भुक्तानी रु २० अर्ब ४५ करोड २६ लाख १० हजार ७३८ गरेको छ। औषधी उपचार, स्वास्थ्य तथा मातृत्व दाबी रकम रु तीन अर्ब २३ करोड ५१ लाख दुई हजार ९११ बराबर रहेको छ।

दुर्घटना तथा अशक्तता सुरक्षातर्फ रकम रु २८ करोड ४४ लाख ३० हजार १८८, आश्रित परिवार सुरक्षा दाबी रकम रु ३४ करोड ९५ लाख ७३ हजार ३९८ र अवकाश दाबी रकम रु १६ करोड ५८ लाख ३५ लाख चार हजार २४१ बराबर रहेको कोषका निर्देशक रेग्मीले जानकारी दिए।

संस्थागत वा सहवित्तीयकरण कर्जामा पर्यटन क्षेत्र, निर्माण क्षेत्र, सूचना तथा प्रविधि क्षेत्र, सेवामूलक क्षेत्र, कृषि क्षेत्रमा लगानी गर्न सकिने व्यवस्था गरेको छ। सञ्चालक समितिले उपयुक्त ठानेको क्षेत्रमा पर्याप्त धितो वा जमानी लिई संस्थागत कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिएको छ। कर्जा प्रवाह गर्दा तिर्ने क्षमता भएको कम्पनीलाई परियोजना स्थापना र सञ्चालनको लागि स्थिर पूँजी कर्जा, चालु पूँजी कर्जा वा चक्र कर्जा समेत प्रवाह गर्न सकिने व्यवस्था छ।

कोषले २० मेगावाटभन्दा कम क्षमताको विद्युत् परियोजनामा भने कोषले लगानी नगर्ने नीति लिएको निर्देशक रेग्मीले बताए। विद्युत् खरिदसम्बन्धी शर्त तथा बन्देज वा कुनै समयमा प्राधिकरणले विद्युत् खरिद नगर्ने शर्त भएमा, कनेक्सन सम्झौता बमोजिमको सबस्टेसन तयार भई नसकेको परियोजनामा लगानी नगर्ने नीति रहेको उनले उल्लेख गरे। उनका अनुसार कम्तीमा ३० प्रतिशत स्वपुँजी नभएको परियोजना, निजी कम्पनीबाट सञ्चालित परियोजना र कोषको प्राथमिकतामा नपरेको परियोजनामा पनि लगानी नगर्ने नीति छ।







## सम्पादकीय....


# विमानस्थल विस्तारमा राजनीति नगर

कर्णाली प्रदेशको हवाई यातायातको एकमात्र प्रमुख ढोका सुर्खेत विमानस्थल संघीयतापछि निरन्तर चर्चाको केन्द्रमा रहँदै आएको छ। प्रत्येक वर्ष १५ जेठमा संघीय सरकारले प्रस्तुत गर्ने वार्षिक बजेटदेखि प्रदेश सरकारका नीति तथा कार्यक्रमसम्म यो विमानस्थलको विस्तार योजना अनिवार्यजस्तै समेटिन्छ। तर, नीति र भाषणमा निरन्तर दोहोरिने यो योजना व्यवहारमा भने दशक लामो अनिश्चितताको चक्रमा घुमिरहेको छ। २०७७ सालदेखि संघीय र प्रदेश सरकार दुवैको नीति तथा बजेटमा सुर्खेत विमानस्थलको धावनमार्ग विस्तार गर्ने योजना निरन्तर समावेश हुँदै आएको छ। कर्णालीको हवाई यातायातलाई सुरक्षित, दिगो र भरपर्दो बनाउने भन्दै हालको धावनमार्ग विस्तार गरी ठूला जहाज अवतरण गर्न सक्ने बनाउने लक्ष्य सार्वजनिक रूपमा प्रस्तुत गरिन्छ। अर्थमन्त्री स्वर्णिम वाग्लेले समेत हालै प्रस्तुत बजेटमा प्रदेश सरकारसँगको सहकार्यमा विमानस्थल विस्तार गर्ने योजना पुनः अघि सारेका छन्। प्रदेश सरकारले पनि हरेक वर्ष यही प्रतिबद्धता दोहोर्याउँदै आएको छ। तर, सहकार्य को स्पष्ट मोडेल आजसम्म पनि व्यवहारमा देखिन सकेको छैन। वर्षेनी नीति, योजना र बजेटमा योजना दोहोरिने तर कार्यान्वयन नहुने अवस्थाले स्थानीय समुदायमा भने गम्भीर अन्योल र त्रास पैदा गरेको छ। विमानस्थल विस्तार क्षेत्रका प्रभावित बस्तीहरू–विशेषगरी वीरेन्द्रनगर नगरपालिका-१०, ११, १२ र १३ का बासिन्दा–वर्षौंदेखि आफ्नो जग्गा र घरलाई अनिश्चित भविष्यको बन्धकका रूपमा भोग्न बाध्य छन्। जग्गा किनबेच ठप्प छ, बैंक तथा वित्तीय संस्थाहरूले धितो मूल्याङ्कनमा हिचकिचाइरहेका छन्, नयाँ घर निर्माण रोकिएको छ र समग्र आर्थिक गतिविधि प्रभावित भएको छ।

स्थानीयका अनुसार सरकारले वर्षेनी विस्तारको कुरा उठाउने तर कार्यान्वयन नगर्ने प्रवृत्तिले नागरिकमा त्रास मात्र बढाएको छैन, सामाजिक र आर्थिक विकाससमेत अवरुद्ध भएको छ। यदि विमानस्थल विस्तार गर्ने हो भने तत्काल प्रक्रिया अघि बढाइयोस्, होइन भने वर्षेनी त्रास फैलाउने काम बन्द गर्नुपर्ने माग स्थानीयको छ। स्थानीय बासिन्दा राज्यको दोहोरो चरित्रप्रति आक्रोशित छन्। उनीहरूको प्रश्न छ, 'कति दशकसम्म हामीलाई उठाउने त्रासमा राख्ने ?' उनका अनुसार जग्गा रोक्का, ऋण अस्वीकृति र विकास निर्माणमा अवरोधले जनजीवन नै असहज बनेको छ। यदि सरकारसँग स्पष्ट योजना छैन भने विकल्प दिनुपर्ने वा स्पष्ट निर्णय लिनुपर्ने माग उनीहरूको छ। सुर्खेत विमानस्थल विस्तारको झमेला अहिलेको भने होइन। २०७७ सालमा एक हजार पाँच सय मिटर धावनमार्ग विस्तार गर्ने लक्ष्यसहित करिब दुई अर्ब रुपैयाँ लागत अनुमान गरिएको थियो। संघीय र प्रदेश सरकारले क्रमशः ५० करोड र ५१ करोड रुपैयाँ विनियोजन गर्दै समझदारीपत्रमा हस्ताक्षरसमेत गरेका थिए। तर, जग्गा अधिग्रहण विवाद, राजनीतिक असहमति र स्थानीय विरोधका कारण योजना अघि बढ्न सकेन। त्यसपछि विनियोजित रकम समेत फ्रिज भयो।

२०७८ सालमा पुनः ठूलो बजेट विनियोजन भए पनि स्थानीय विरोध, जग्गा रोक्का विवाद र राजनीतिक असहमतिका कारण योजना फेरि अलपत्र पर्‍यो। वीरेन्द्रनगरका करिब नौ सयभन्दा बढी घरधुरी प्रभावित हुने अवस्था देखिएपछि स्थानीय संघर्ष समितिसमेत गठन भयो। तत्कालीन राजनीतिक नेतृत्वले समेत विकल्पको रूपमा नयाँ विमानस्थलको चर्चा गर्दै विस्तार योजनालाई स्थगित गरेको थियो। तर, पछिल्ला सरकारहरूले फेरि यही योजनालाई पुनर्जीवित गर्दै आएका छन्। यसरी हेर्दा सुर्खेत विमानस्थल विस्तार योजना विकासभन्दा बढी राजनीतिक घोषणा र लोक रिझ्याइँको साधनजस्तो बन्न पुगेको देखिन्छ। स्पष्ट कार्यान्वयन मोडेल, प्रभावकारी समन्वय र स्थानीय सहमति बिना योजना मात्र दोहोर्याइरहनुले विकास होइन, अविश्वास बढाएको छ। कर्णालीको दीर्घकालीन हवाई पूर्वाधारका लागि सुर्खेत विमानस्थल विस्तार आवश्यक छ भन्नेमा द्विविधा छैन। तर, त्यसका लागि राज्यले स्पष्ट निर्णय लिनुपर्छ। विस्तार गर्ने हो भने समयसीमा, मुआब्जा र पुनःस्थापनाको ठोस योजना अघि सार्नुपर्छ, नत्र वर्षेनी दोहोरिने आश्वासनको अन्त्य गरिनुपर्छ। अन्यथा, विकासको नाममा चलिरहेको यो अनिश्चितताको चक्रले स्थानीयलाई मात्रै होइन, समग्र कर्णालीको विश्वास प्रणालीलाई समेत कमजोर बनाउनेछ।

# लोकप्रियताभन्दा परिणाममुखी नेतृत्व आवश्यक



✍ सरोज भट्टराई

> "जब नागरिकले राज्यप्रति विश्वास गुमाउँछ, तब विकासका सबै योजनाहरू कागजमै सीमित हुने खतरा हुन्छ। आज धेरै नेपालीहरू परिवर्तनको वाचा सुन्ने मात्र होइन, त्यसको परिणाम देख्न चाहन्छन्।

नेपाल आज एक संवेदनशील ऐतिहासिक मोडमा उभिएको छ, जहाँ जनताको अपेक्षा असाधारण रूपमा उच्च छ तर उपलब्धिहरू अझै अपेक्षाअनुरुप देखिएका छैनन्। यस्तो अवस्थामा वर्तमान नेतृत्व विशेषतः 'बालेन सरकार'प्रति आशा, भरोसा र गम्भीर प्रश्नहरू एकैसाथ उठिरहेका छन्।

हामी जेनेरेसन 'जी', जसले २०७२ सालतिर 'आई लभ यु केपी बा' र 'सुखी नेपाली, समृद्ध नेपाल' का नाराहरूलाई भविष्यको वाचा ठानेर कलेजका गल्लीहरूमा हिँड्यौँ, आज २०८३ मा आइपुग्दा त्यो सपनाको वास्तविकता कति टाढा रहेछ भन्ने अनुभूति गरिरहेका छौँ।

त्यो समयको उत्साह आज यथार्थको कठोर प्रश्नमा बदलिएको छ- के हामी फेरि अर्को लोकप्रिय नाराको चक्रमा फसिरहेका त छैनौँ ? राजनीतिमा लोकप्रियता महत्त्वपूर्ण हुन्छ, तर त्यो दीर्घकालीन उपलब्धिको विकल्प कहिल्यै हुन सक्दैन। सामाजिक सञ्जालमा भाइरल हुने निर्णयहरू, तुरुन्त ताली पाउने भाषणहरू र भावनात्मक अपिलहरू अल्पकालीन रूपमा आकर्षक देखिए पनि देश निर्माणका लागि आवश्यक पर्ने कुरा भनेको स्थिरता, नीतिगत गहिराइ र दूरदृष्टि नै हो।

यदि नेतृत्व लोकप्रियताको लहरमै बग्न थाल्यो भने, उसले अवसर र चुनौतीबीचको सन्तुलन गुमाउँछ र अहिले नेपालले यही जोखिमको सामना गरिरहेको छ। पछिल्ला दिनहरूमा देखिएको 'पहिला थुन्ने, पछि सुन्ने' प्रवृत्तिले कानुनी शासनमाथि नै प्रश्न खडा गरेको छ, जसका कारण व्यवसायी समुदाय त्रसित बनेको छ र लगानी वातावरण अस्थिर हुँदै गएको छ।

विश्व बैंकलगायतका अन्तर्राष्ट्रिय संस्थाहरूले पनि नेपालको निजीक्षेत्रको लगानी अपेक्षाअनुसार विस्तार हुन नसकेको र नीतिगत अनिश्चितता यसको प्रमुख कारणमध्ये एक रहेको औँल्याएका छन्। नेपाल राष्ट्र बैंकका सूचकहरूले उद्योग र उत्पादन क्षेत्रको वृद्धि सुस्त रहेको देखाउँछन्, जबकि आयातमा निर्भरता उच्च रहँदै आएको छ। यस्तो संरचनामा लोकप्रिय निर्णयहरू छोटो समयका लागि आकर्षक देखिए पनि दीर्घकालीन रूपमा अर्थतन्त्रलाई कमजोर बनाउँछन्।

गरिबी घटेको दाबी गरिए पनि यसको गुणस्तरीय पक्ष अझै कमजोर छ; बहुआयामिक गरिबी घटे पनि रोजगारीको गुणस्तर, आयको स्थायित्व र सामाजिक सुरक्षाको पहुँच सीमित छ। अझ गहिरो पीडा सुकुम्बासी समुदायको हो, जसको आँसु कुनै तथ्यांकले पूरा देखाउन सक्दैन।

कतिपय स्थानमा संरचनाहरू हटाइएका छन्, तर विकल्पमा पुनर्वासको स्पष्ट र पूर्ण योजना देखिँदैन। अधुरा संरचना भत्किँदा गरिबी घट्दैन, बरु असुरक्षा बढ्छ। त्यसैले सुकुम्बासी समस्या समाधान लोकप्रिय कदमबाट होइन, दीर्घकालीन नीतिगत व्यवस्थापन, भूमि सुधार र सामाजिक न्यायमार्फत मात्र सम्भव हुन्छ।

यसैबीच, नेपालको सबैभन्दा गम्भीर संकट बनेको छ युवापुस्ताको विदेश पलायन। पछिल्ला वर्षहरूमा श्रम स्वीकृतिको संख्या हेर्दा वार्षिक ६-७ लाखसम्म युवाहरू वैदेशिक रोजगारीका लागि बाहिरिने प्रवृत्ति देखिएको छ। यो केवल रोजगारीको समस्या होइन, यो विश्वासको गहिरो संकट हो। जब युवाले आफ्नो देशमा भविष्य देख्न छोड्छ, तब राष्ट्रको दीर्घकालीन आधार नै कमजोर हुन्छ।

हामी त्यही पुस्ता हौँ, जसले देशमै केही गर्ने सपना देखेका थियौँ, तर आज धेरै साथीहरू विदेश गइसकेका छन् र बाँकी रहेका पनि अवसरको खोजीमा छन्। त्यसमाथि, नेपाल अन्तर्राष्ट्रिय 'ग्रे-लिस्ट'मा परेको अवस्थाले वित्तीय विश्वसनीयता, वैदेशिक लगानी र अन्तर्राष्ट्रिय व्यापारमा प्रत्यक्ष असर पारिरहेको छ। यस्ता सूचकहरूले एउटा स्पष्ट सन्देश दिन्छन् देशलाई लोकप्रियता होइन, सुधार चाहिएको छ; भावनात्मक भाषण होइन, संस्थागत सुदृढीकरण चाहिएको छ।

अझ अर्को गम्भीर पक्ष जनताको मनोबल घट्दो अवस्थामा हुनु हो। जब नागरिकले राज्यप्रति विश्वास गुमाउँछ, तब विकासका सबै योजनाहरू कागजमै सीमित हुने खतरा हुन्छ। आज धेरै नेपालीहरू परिवर्तनको वाचा सुन्ने मात्र होइन, त्यसको परिणाम देख्न चाहन्छन्। उनीहरूलाई स्थायित्व, पारदर्शिता र न्याय चाहिएको छ।

यही सन्दर्भमा, वर्तमान नेतृत्वसँग एउटा ऐतिहासिक अवसर पनि छ। लोकप्रिय हुनु एउटा ठूलो पुँजी हो, तर त्यो पुँजीलाई परिणाममा रूपान्तरण गर्न सकिएन भने, त्यो क्षणिक लोकप्रियतामा मात्र सीमित हुन्छ। इतिहासले भाइरल निर्णयलाई होइन, परिवर्तन ल्याउने नीतिगत साहसलाई सम्झन्छ।

प्रधानमन्त्रीज्यू, तपाईंसँग अहिले शक्ति छ, अवसर छ, र जनताको अपेक्षा पनि तर कृपया लोकप्रियताको मोहमा नअल्झिनुहोस्। देशको अवस्था संवेदनशील छः अर्थतन्त्र दबाबमा छ, युवापुस्ता निराश छ, संस्थागत संरचनाहरू अझै कमजोर छन्, र अन्तर्राष्ट्रिय साख चुनौतीपूर्ण अवस्थामा छ। यस्तो बेलामा तपाईंले लिनुपर्ने निर्णयहरू लोकप्रिय होइन, सही हुनुपर्छ; तुरुन्त ताली पाउने होइन, दीर्घकालीन परिणाम दिने हुनुपर्छ। कानुनी शासनलाई सुदृढ पार्नुस्, लगानीको वातावरण स्थिर बनाउनुहोस् र गरिब तथा सीमान्तकृत वर्गको जीवनमा वास्तविक परिवर्तन ल्याउने नीतिहरू अघि सार्नुस्।

अर्को महत्त्वपूर्ण पक्ष काठमाडौं केन्द्रित दृष्टिकोणबाट बाहिर निस्कनु आवश्यक छ। सिंहदरबारको निर्णय डोल्पा, हुम्ला, बाजुरा, ताप्लेजुङ र मधेशका गाउँसम्म पुग्न सकेन भने विकास अधुरो रहन्छ। राजधानीमा देखिने सानो सुधारले देशको समग्र चित्र बदल्दैन। देश केवल काठमाडौं होइन, काठमाडौंबाहिर पनि नेपाल छ, जहाँ अझै आधारभूत स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षा, सडक पहुँच र रोजगारीका अवसरहरूको अभाव छ।

यदि नेतृत्वले राजधानीको लोकप्रियतामा सीमित भएर काम गर्‍यो भने त्यो वास्तविक राष्ट्रिय नेतृत्व हुन सक्दैन। तपाईं गाउँ-गाउँ पुग्नुस्, जनताको वास्तविक समस्या सुन्नुस् र नीतिहरूलाई त्यहीअनुसार परिमार्जन गर्नुस्, अनि मात्र देशको समग्र रूपान्तरण सम्भव हुन्छ।

नेपाल अहिले अन्तर्राष्ट्रिय रूपमा 'ग्रे-लिस्ट'मा परेको अवस्थाले थप गम्भीर चुनौती सामना गरिरहेको छ। यो केवल प्राविधिक सूची होइन, यो देशको वित्तीय प्रणाली, पारदर्शिता र सुशासनप्रतिको अन्तर्राष्ट्रिय विश्वाससँग प्रत्यक्ष जोडिएको विषय हो।

ग्रे-लिस्टमा पर्नु भनेको वैदेशिक लगानीकर्ताको विश्वास कमजोर हुनु, बैंकिङ प्रणालीमाथि निगरानी बढ्नु र अन्तर्राष्ट्रिय कारोबारमा जटिलता बढ्नु हो। यसको प्रत्यक्ष असर देशको आर्थिक वृद्धि, रोजगारी सिर्जना र समग्र विकास प्रक्रियामा पर्छ। यस्तो अवस्थामा नेपालले वित्तीय अनुशासन, भ्रष्टाचार नियन्त्रण र कानुनी सुधारलाई अझ कडाइका साथ अघि बढाउनुपर्ने आवश्यकता छ। तर, लोकप्रियताकेन्द्रित निर्णयले यस्ता गम्भीर संरचनात्मक सुधारलाई पछाडि धकेल्ने जोखिम बढाउँछ। यदि समयमै सुधार गरिएन भने ग्रे-लिस्टबाट बाहिर निस्कन अझ कठिन हुनेछ, जसको दीर्घकालीन मूल्य सिंगो देशले चुकाउनुपर्नेछ।

अन्ततः हामी तपाईंलाई एउटा पुस्ताको तर्फबाट स्पष्ट र इमानदार सुझाव दिन चाहन्छौँ। हामी त्यो जेनेरेसन 'जी' हौँ, जसले नारामा विश्वास गरेर हुर्कियौँ, तर अहिले परिणामको खोजीमा छौँ। हामीलाई भाषण होइन, भरोसा चाहिएको छ; लोकप्रिय निर्णय होइन, न्यायपूर्ण र स्थायी समाधान चाहिएको छ। कृपया, राज्यलाई प्रदर्शनको माध्यम नबनाउनुहोस्। सेवाको माध्यम बनाउनुहोस्। कानुनी शासनलाई मजबुत बनाउनुहोस्, ताकि कुनै नागरिक अन्यायको डरमा नबाँचोस्। लगानी र रोजगारी सिर्जना गर्ने वातावरण बनाउनुहोस्, ताकि युवाहरूले आफ्नो भविष्य विदेशमा होइन, आफ्नै देशमा देख्न सकून्।

सुकुम्बासी, गरिब र सीमान्तकृत समुदायको पीडालाई तथ्यांकमा होइन, नीतिमा सम्बोधन गर्नुस्। हामी तपाईंलाई लोकप्रिय होइन, सफल देख्न चाहन्छौँ। कृपया 'भाइरल' भन्दा 'परिणाम' रोज्नुहोस्। इतिहासले तपाईंको लोकप्रियता होइन, तपाईंको काम सम्झिनेछ। यदि तपाईंले सही प्राथमिकता निर्धारण गर्नुभयो भने, हामीजस्तै हजारौँ युवाले फेरि देशमै भविष्य देख्नेछन्। अनि त्यो दिन नेपाल साँच्चै हाँसेको देखिनेछ।

प्रधानमन्त्रीज्यू, तपाईंले साँच्चै नेपाल हाँसेको देख्न चाहनुहुन्छ भने गरिबको सेवक बन्नुहोस्, सत्ताको प्रदर्शनकर्ता होइन। लोकप्रियताको क्षणिक तालीभन्दा परिणामको स्थायी सम्मान रोज्नुहोस्। देशलाई 'भाइरल' होइन, 'विकास' चाहिएको छ; नाराहरू होइन, नतिजा चाहिएको छ। लोकप्रियताको चक्रमा नफसीकन काम गर्नुस्, परिणाम दिनुस्। जब परिणाम आउँछ नि, अनि ताली माग्नै पर्दैन, त्यो आफैँ बज्छ। अनि तपाईंले देख्नुहुनेछ- नेपाल साँच्चै हाँसेको।

*(शिलापत्र)*

## विश्व

# वैश्विक व्यापारमा 'एआई' को प्रभाव बढ्दो

**जेनेभा, २३ जेठ।** विश्व व्यापार सङ्गठनले शुक्रबार सार्वजनिक गरेको प्रतिवेदन अनुसार मध्यपूर्वमा जारी द्वन्द्वका कारण चुनौतीहरू देखिए पनि सन् २०२६ को पहिलो छ महिनामा विश्वव्यापी वस्तु व्यापार मजबुत रहेको छ। कृत्रिम बुद्धिमत्ता (एआई) सम्बन्धी लगानी र माग बढेकाले व्यापारलाई सहयोग पुगेको बताइएको छ।

विश्व व्यापार संगठनको नवीन वस्तु व्यापार सूचकाङ्क १०१ दशमलव ७ मा पुगेको छ, जुन जनवरी महिनाको १०२ दशमलव ३ भन्दा केही कम हो। यसले आगामी दिनमा वस्तु व्यापारको वृद्धि दर केही सुस्त हुन सक्ने सङ्केत गरेको छ।

सूचकाङ्क १०० भन्दा माथि रहँदा व्यापार औसत प्रवृत्तिभन्दा राम्रो रहेको जनाउँछ भने १०० भन्दा तल रहँदा व्यापार कमजोर हुन सक्ने सङ्केत मानिन्छ।

प्रतिवेदनअनुसार कृत्रिम बुद्धिमत्तासम्बन्धी लगानीका लागि आवश्यक विद्युतीय पुर्जाको माग उल्लेखनीय रूपमा बढेको छ। यसले मध्यपूर्व द्वन्द्वबाट उत्पन्न नकारात्मक प्रभावलाई केही हदसम्म कम गरेको छ।

सूचकाङ्कका विभिन्न अवयवमध्ये विद्युतीय पुर्जा सम्बन्धी सूचक १०५ दशमलव ५ मा पुगेको छ, जुन औसत स्तरभन्दा उल्लेखनीय रूपमा माथि रहेको बताइएको छ। अन्य अधिकांश सूचकहरू भने १०० को आसपास रहेका छन्। निर्यात आदेश सम्बन्धी सूचक १०० दशमलव ५ मा कायम रहेको छ, जसले अन्तर्राष्ट्रिय व्यापारमा सकारात्मक संकेत देखाएको छ।

गत चैतमा सार्वजनिक गरिएको विश्व व्यापार पूर्वानुमान तथा तथ्याङ्क प्रतिवेदनमा सन् २०२६ मा विश्वव्यापी वस्तु व्यापार १ दशमलव ९ प्रतिशतले बढ्ने अनुमान गरिएको थियो, जुन अघिल्लो वर्षको तुलनामा सुस्त वृद्धि हो।

विश्व व्यापार संगठनले ऊर्जा मूल्य निरन्तर बढिरहेमा व्यापार वृद्धि दर १ दशमलव ४ प्रतिशतमा झर्न सक्ने जनाएको छ। तर कृत्रिम बुद्धिमत्तामा लगानी निरन्तर बढेमा वृद्धि दरमा थप शुन्य दशमलव ५ प्रतिशत बिन्दुको योगदान हुन सक्ने उल्लेख गरिएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ। प्रतीक्षा गरिएको काम बन्न सक्छ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ।

**वृष** — सहयोगीहरूले राम्रो फाइदा दिलाउनेछन्। भाग्यले विभिन्न अवसर जुराउनेछ। काम देखाएर अरूको मन जित्न सकिनेछ।

**मिथुन** — स्वास्थ्य कमजोर रहनाले काम गर्न समय लाग्नेछ। जिम्मेवारी बढ्नेछन् तापनि न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने स्थिति देखिन्छ।

**कर्कट** — रमाइलो यात्रा र मनोरञ्जनको आनन्द लिने समय छ। आतिथ्यपूर्ण सत्कार पनि पाइनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ। धनलाभ हुनेछ।

**सिंह** — पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ। चुनौती पन्छाएर काम बनाउन सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ।

**कन्या** — आँटले सजिलै लक्ष्यमा पुर्याउनेछ। दिगो फाइदा हुने काम सम्पादन हुनेछ। सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ।

**तुला** — प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ। रोकिएको काम बन्नेछ भने जिम्मेवारी बढ्न सक्छ। विशेष भेटघाटले काममा उत्साह बढाउला।

**वृश्चिक** — नयाँ काममा हात हाल्ने समय छ। सानो प्रयत्नले पनि ठूलो काम बन्न सक्छ। कृषिकर्म र व्यावसायिक काममा मनग्य लाभ हुनेछ।

**धनु** — बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर जुट्नेछ। चिताएको काम सम्पादन हुनेछ। पहिलेका कमजोरीलाई सुधार्ने मौका छ।

**मकर** — मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ। विशेष अवसरले प्रसन्नता दिलाउनेछ भने सहयोगीहरूको साथले काममा उत्साह जगाउनेछ।

**कुम्भ** — कामका लागि रकम जोहो गर्ने समय छ। आफन्त र परिवारबाट टाढिनुपरे पनि दिन उपलब्धिमूलक रहनेछ। टाढाका साथीभाइको निम्तो प्राप्त हुनेछ।

**मीन** — मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम गर्दै मनग्य धन आर्जन गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ।

# भीडभाड कम गर्न अदालतमा नयाँ नियम

**युग संवाददाता**
**नेपालगन्ज, २३ जेठ ।**

जिल्ला अदालत, बाँकेले अदालत परिसरमा हुने अनावश्यक भीडभाड नियन्त्रण गर्न र सुरक्षा व्यवस्थालाई थप चुस्त, मर्यादित एवं सुरक्षित बनाउन नयाँ नियम लागू गरेको छ। अदालत प्रशासनले एक सूचना जारी गर्दै आगामी जेठ २५ गतेदेखि अदालत प्रवेश गर्ने सबै सरोकारवालाका लागि विभिन्न नौ बुँदे निर्देशन अनिवार्य रूपमा पालना गर्नुपर्ने उल्लेख गरेको छ। अदालत परिसरमा हुन सक्ने सम्भावित असुरक्षा र अव्यवस्थालाई ध्यानमा राखेर सो निर्णय भएको बाँके जिल्ला अदालतको प्रशासनले जारी गरेको विज्ञप्तीमा जनाइएको छ।

नयाँ व्यवस्थाअनुसार अब कानुन व्यवसायीले कानुन व्यवसायीको पेसागत आचरणसम्बन्धी नियमावली, २०७९ ले निर्दिष्ट गरेको पोसाक अनिवार्य रूपमा लगाएर मात्र अदालतमा प्रवेश पाउनुहुने छ। लेखापढी व्यवसायीको हकमा पनि संशोधित नियमावली बमोजिम तोकिएको पोसाक र परिचयपत्र अनिवार्य गरिएको छ।

सेवाग्राहीको हकमा फिराद पत्र, प्रतिउत्तर पत्र वा अन्य निवेदन दर्ता गर्न आउँदा अनिवार्य रूपमा परिचयपत्र साथमा ल्याउनुपर्ने नियम बनाइएको छ। साक्षी बकपत्रका लागि उपस्थित हुने दुवै पक्षका साक्षीले आफ्नो पक्षको साक्षी निवेदन पत्रका साथमा र तारिखमा रहेका पक्ष वा वारिसहरूले तारिख पर्चासहित आफ्नो परिचयपत्र देखाएर मात्र अदालतभित्र प्रवेश पाउने व्यवस्था गरिएको गरिएको जानकारी आफूले पाएको अधिवक्ता वसन्त गौतमले जानकारी बताए।

# पोषणमैत्री स्थानीय शासन कार्यान्वयन गर्न कार्यशाला



**युग संवाददाता**
**सुर्खेत, २३ जेठ ।**

नेपाल सरकारको 'पोषणमैत्री स्थानीय शासन (एनएफएलजी)' अभियानलाई प्रभावकारी र संस्थागत रूपमा कार्यान्वयन गर्ने उद्देश्यले वीरेन्द्रनगर नगरपालिकामा पालिकास्तरीय बजेट तथा कार्यक्रम निर्माण कार्यशाला गोष्ठी सम्पन्न भएको छ।

केयर, आईडीई र सुन्दर नेपाल संस्थाको प्राविधिक तथा आर्थिक सहयोगमा शुक्रबार नगरपालिकाको सभाहलमा आयोजित कार्यशालाको अध्यक्षता वीरेन्द्रनगर नगरपालिकाका नगर प्रमुख मोहनमाया ढकालले गरेकी थिइन। कार्यशालामा बहुक्षेत्रीय पोषण योजनालाई आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटमा समावेश गर्ने विषयमा सरोकारवालाबीच व्यापक छलफल गरिएको थियो। कार्यक्रममा नगरपालिकाको पोषण प्रोफाइलसम्बन्धी मस्यौदामाथि सहभागीहरूले प्राविधिक तथा व्यावहारिक सुझाव दिएका थिए।

नगरपालिकाको पोषणको वर्तमान अवस्था, देखिएका चुनौती तथा आगामी कार्यदिशाबारे स्वास्थ्य शाखा प्रमुख भूपेन्द्र गिरीले प्रस्तुतीकरण गरेका थिए। उनले पोषण सुधारका लागि स्थानीय तहले खेल्नुपर्ने भूमिकाबारे पनि जानकारी गराएका थिए। आगामी आर्थिक वर्षका लागि बजेट तथा कार्ययोजना निर्माण सत्रको सहजीकरण तपराज जोशीले गरेका थिए। सो क्रममा वीरेन्द्रनगर नगरपालिकाभित्र रहेका १६ वटै स्वास्थ्य संस्थाका प्रमुख तथा प्रतिनिधिहरूले आफ्नो कार्यक्षेत्रमा देखिएका पोषणसम्बन्धी सूचक, समस्या र समाधानका उपायबारे प्रस्तुतीकरण गरेका थिए। कार्यक्रममा सबै वडा अध्यक्ष, पोषण निर्देशक समितिका सदस्य, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधि, स्वास्थ्य संस्थाका प्रमुख तथा प्रतिनिधि र विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कार्यशालाले आगामी दिनमा वीरेन्द्रनगर नगरपालिकालाई पोषणमैत्री स्थानीय शासन घोषणा गर्ने दिशामा आवश्यक नीति, कार्यक्रम र बजेट निर्माणका लागि स्पष्ट मार्गचित्र तय गर्न सहयोग पुगेको आयोजकले जनाएको छ। कार्यक्रमको समापन गर्दै नगर प्रमुख ढकालले अन्तर्क्रियाबाट प्राप्त पोषण सम्बन्धि निष्कर्ष तथा सझावलाई आगामी वर्षको नीति, कार्यक्रम तथा बजेटमा समावेश गर्ने प्रतिवद्धता जनाइन।

# 'सभामुख अर्यालद्वारा शुक्लाफाँटा निकुञ्जको अवलोकन

**युग संवाददाता**
**कञ्चनपुर, २३ जेठ ।**

प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालले शुक्रबार साँझ शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको अवलोकन गरेका छन्। अवलोकन गर्नु हुँदै उनले निकुञ्जको जैविक विविधता र पर्यापर्यटनको सम्भावनाप्रति चासो व्यक्त गरे।

निकुञ्जको विशाल घाँसे मैदानमा सयौँको सङ्ख्यामा चर्दै गरेका बाह्रसिङ्गाको बथान अवलोकन गरेपछि सभामुख अर्यालले शुक्लाफाँटाको पर्यापर्यटन प्रवर्द्धनका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरे।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका सहायक प्रमुख संरक्षण अधिकृत विनयकुमार झाका अनुसार सभामुख अर्यालसहितको टोलीले निकुञ्जको मुख्य आकर्षण मानिने शुक्लाफाँटा घाँसे मैदान र दुर्लभ बाह्रसिङ्गाको बासस्थानको अवलोकन गरेको थियो। निकुञ्ज भ्रमणमा सभामुख अर्यालसँगै राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, प्रतिनिधिसभाका उपसभामुख रुबी कुमारी, राष्ट्रियसभाका उपाध्यक्ष लीलाकुमारी भण्डारी तथा अन्य उच्चपदस्थ व्यक्तिको सहभागिता रहेको थियो।

## नेपालगन्जमा...

विभिन्न क्षेत्रका विज्ञलाई वक्ताका रूपमा आमन्त्रण गरिएको उनले जानकारी दिए।

नेपालगन्जलाई प्रविधिको केन्द्रको हबका रूपमा विकास गर्न सम्मेलनले सकारात्मक योगदान पुर्‍याउने अपेक्षा राखिएको उपकुलपति ढकालको भनाई छ। विश्वविद्यालयका कुलसचिव सहप्राध्यापक रेगबहादुर भण्डारीले समुदाय र प्राविधिक विश्वविद्यालयबीचको सम्बन्ध सुदृढ बनाउन सम्मेलन उपयोगी हुने बताए। सम्मेलनका संयोजक चतुर्भुज भट्टका अनुसार वक्ता, विषयविज्ञ, अनुसन्धानकर्ता तथा विद्यार्थी गरी करिब २५० जनाको सहभागिता रहने छ।

## कर्णाली...

पैसा हाल्न नसकिने भन्दै यसलाई परिमार्जन गरेर विशेष स्याहारको आवश्यकता परेका छोरीहरुको खातामा पैसा हालेर कार्यक्रमलाई निरन्तरता दिन प्रस्ताव गरिएको बताए। तर, सरकारले नीति तथा कार्यक्रमबाट छोरी बचत खाता कार्यक्रम नै हटाइनुका पछाडि जोडिएको स्वार्थका बारेमा जानकार नरहेको उनको दावी छ।

नीति तथा कार्यक्रममा हटेको विषय बजेटमा समावेश हुन्छ वा हुँदैन भन्ने विषयमा यसै भन्न सकिने अवस्था नरहेको ति कर्मचारीले बताए। प्रदेश सरकारले छोरी सुरक्षा कार्यक्रमका लागि स्थानीय तहमा बजेट नपठाए पनि वर्षेनी नीति तथा कार्यक्रम र बजेटमा भने यस कार्यक्रमलाई निरन्तर सम्बोधन गर्ने गरेको थियो। आव २०७६/७७ मा यो कार्यक्रम घोषणा गर्दा सात करोड रुपैयाँ विनियोजन गरेको थियो।

कार्यक्रमको कार्यविधि बनेपछि उक्त रकममध्ये तीन करोड ८४ लाख रुपैयाँ सामाजिक विकास मन्त्रालयमार्फत स्थानीय तहलाई पठाइएको देखिन्छ। सरकारले बजेट पठाएका तीन आर्थिक वर्षमा स्थानीय तहलाई एकमुस्ट रकम गएको तथ्यांकले देखाउँछ। आर्थिक २०७७/०७८ मा छोरी बचत कार्यक्रमका लागि १२ करोड ६० लाख विनियोजन भएकामा ६ करोड स्थानीय तहमा पठाएको देखिन्छ।

त्यस्तै, २०७८/०७९ मा १६ करोड रुपैयाँ विनियोजन भएकामा १३ करोड पठाएको तथ्यांक छ। यी तीन आर्थिक वर्षमा प्रदेश सरकारले छोरी बचत खाता कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहलाई ससर्त अनुदान शिर्षकमा रकम पठाएको देखिन्छ। त्यसयताका चालु आर्थिक वर्षसहित तीन आर्थिक वर्षमा छोरी सुरक्षा कार्यक्रमका लागि कुल ५० करोड बजेट विनियोजन भएको छ। तर, रकम भने स्थानीय तहमा पठाइएको छैन।

आर्थिक वर्ष २०७९/०८० मा २० करोड, २०८०/०८१ मा २५ करोड बजेट विनियोजन भएकोमा आर्थिक वर्ष २०८१/०८२ को बजेटमा भने छोरी बचत खाता कार्यक्रभ समेटिएन। चालु आर्थिक वर्ष २०८२/०८३ को बजेटमा पुनः यो कार्यक्रमका लागि पाँच करोड रुपैयाँ विनियोजन भएको तथ्यांकले देखाउँछ। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा छोरी बचत खाता कार्यक्रम समावेश नभएको विषयमा विभागीय सामाजिक विकास मन्त्रालयका मन्त्री घनश्याम भण्डारी नै अनभिज्ञ छन्।

उनले नीति तथा कार्यक्रममा समावेश नभएको छोरी बचत खाता कार्यक्रमले निरन्तरता पाउँछ वा पाउँदैन भन्ने विषयमा मुख्यमन्त्री यामलाल कँडेलसँग बुझ्न सुझाएर पन्छिन खोजे। सामाजिक विकास मन्त्रालयका सचिव रोशनीकुमारी श्रेष्ठले छोरी बचत कार्यक्रम मन्त्रालयको मात्र नभई सरकारको अपनत्वको विषय बताउँदै आफु सचिवको जिम्मेवारीमा भर्खरै आएकाले थप बुझि नसकेको बताइन।


## बालबालिकाको खानपान र स्वास्थ्यमा ध्यान दिऔं।

- सन्तुलित र पौष्टिक आहार नियमित खुवाऔं,
- जंकफुड तथा अत्यधिक चिनी, नुन र तेलयुक्त खानेकुरा घटाऔं,
- नियमित खोप लगाऔं, स्वास्थ्य जाँच समयमै गराऔं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- हातधुन र सरसफाइ गर्न सिकाऔं,
- पर्याप्त निद्रा र दैनिक खेलकुद/व्यायाममा प्रोत्साहन गरौं,
- मोबाइल/स्क्रिन समय सीमित गरौं,
- मानसिक स्वास्थ्य र सकारात्मक व्यवहारमा ध्यान दिऔं।

**स्वस्थ बालबालिका, उज्ज्वल भविष्यको आधार।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# लिमी चौकीमा फर्किए सुरक्षाकर्मी

**युग संवाददाता**
**हुम्ला, २३ जेठ ।**

उत्तरी नाम्खा गाउँपालिका-६ लिमी सुनखानीको प्रहरी चौकी सात महिनापछि पुनःसञ्चालन भएको छ। चिसोका कारण बन्द भएको उक्त चौकी शुक्रबारदेखि सञ्चालन भएको हो। भारी हिमपात भएपछि मङ्सिरको पहिलो साता चौकी बन्द गरेर त्यहाँ कार्यरत प्रहरी जिल्ला प्रहरी कार्यालय फिर्ता भएका थिए।

न्यालु लेकमा जमेको हिउँ पन्छाएर प्रहरी टोली लिमी पुगेको हो। प्रहरीले हिउँ पन्छाएपछि सर्वसाधारणको आवागमन सहज भएको छ। न्यालु नाका खुलेपछि लाप्चाबाट कैलाश मानसरोवरतर्फ प्रस्थान गर्ने यात्रीको चहलपहल क्रमशः बढेको छ।


## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

**(सूचना प्रकाशित मितिः २०८३/०२/२४ गते)**

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने ब्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने ब्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसील**

धितो लिलाम बिक्री हुने मिति :- २०८३ साल असार महिना २९ गते
सम्बन्धित कार्यालय तथा लिलाम हुने कार्यालय/स्थान : कृषि विकास बैंक लि. शाखा कार्यालय जुम्ला।

**ग्राहकको विवरण**

१. ग्राहकको नामः जिवन देउती जनरल स्टोर, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय, जुम्ला
फर्मको दर्ता नंः ४८६/०६६/०६७, दर्ता मितिः २०६६/०५/३०, पान नंः ३०३८७५८७३

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वर्ग मि.मा) |
|---|---|---|---|---|---|---|
| व्यापार कर्जा १२९६००७ | डंगे सार्की | जुम्ला | देपालगाउँ | २क | ५०,६८ | ९७५, २१० |
| | | | | २घ | ११५, १२८ | १३४३, १८१८ |
| | | | | ३ | १०० | ७०० |

**प्रोपाईटर/संचालकहरुको विवरण**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| डंगे साकी | देपालगाउँ-३, जुम्ला | १९७२ | जिल्ला प्रशासन कार्यालय, जुम्ला, २०४६।०३।१४ | गाडो सार्की | गोरे सार्की |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी गर्ने कार्यालय/जिल्ला/मिति | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| डंगे साकी | देपालगाउँ-३, जुम्ला | १९७२ | जिल्ला प्रशासन कार्यालय जुम्ला २०४६।०३।१४ | गाडो सार्की | गोरे सार्की |

२. ग्राहकको नामः नन्द प्रसाद आचार्य ना.प्र.नं.: ६०/३४८ जारी मितिः २०६७/०४/०४ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, जुम्ला
बाबुको नामः कृष्ण प्रसाद आचार्य बाजेको नामः काला आचार्य

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (वर्ग मि.मा) |
|---|---|---|---|---|---|---|
| सरल कृषि कर्जा १९१९०८२ | कृष्ण प्रसाद आचार्य | जुम्ला | देपालगाउँ | ७ | ३८२, ३६९, ९१, ३६१ | २०५, १६५, २६१५, ४७० |
| | | | | ६ | २५६ | ४६० |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी गर्ने कार्यालय/जिल्ला/मिति | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| कृष्ण प्रसाद आचार्य | गुठीचौर -५, जुम्ला | ३४१-२१८८ | जिल्ला प्रशासन कार्यालय जुम्ला २०४५/०१/३० | काला आचार्य | जयनन्द आचार्य |

३. ग्राहकको नामः लक्ष्मी बहादुर महत ना.प्र.नं.: ४८९६/२०८१ जारी मितिः २०५२/०९/०४ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, जुम्ला
बाबुको नामः वृष बहादुर महत बाजेको नामः खडग विर महत

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (वर्ग मि.मा) |
|---|---|---|---|---|---|---|
| घरायसी कर्जा १०८३०३२ | लक्ष्मी बहादुर महत | जुम्ला | महत | ४ | ३३६ | २८५ |
| | | | | ५ | ३८६, ३८८ | ३३२, १७७ |
| | | | | ३ | २६७ | ४४८ |
| | | | | ९ | ५१० | ४२६ |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी गर्ने कार्यालय/जिल्ला/मिति | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| लक्ष्मी बहादुर महत | महत -५, जुम्ला | ४८९६/२०८१ | जिल्ला प्रशासन कार्यालय जुम्ला २०५२/०९/०४ | वृष बहादुर महत | खडग विर महत |

४. ग्राहकको नामः हिमा रुद्र आचार्य ना.प्र.नं.: ६०/४७४७ जारी मितिः २०६१/०७/११ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, जुम्ला
बाबुको नामः कृष्ण प्रसाद आचार्य बाजेको नामः काला आचार्य

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (वर्ग मि.मा) |
|---|---|---|---|---|---|---|
| व्यापार कर्जा ६२८०३१ | कृष्ण प्रसाद आचार्य | जुम्ला | देपालगाउँ | ६ | ११४, २१२, २३२, ५५६, ५६३, ६९४, ७४९, ३२३ | २५०, ३८०, २८५ ४३०, २९५, ३८५, ४१०, २१० |
| | | | | ७ | ५२९, ५२७, ५०१ | १८१०, ४१०, ३०५ |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी गर्ने कार्यालय/जिल्ला/मिति | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| कृष्ण प्रसाद आचार्य | गुठीचौर -५, जुम्ला | ३४१-२१८८ | जिल्ला प्रशासन कार्यालय जुम्ला २०४५/०१/३० | काला आचार्य | जयनन्द आचार्य |

५. ग्राहकको नामः हर्क सार्की ना.प्र.नं.: ११८ जारी मितिः २०४५/०१/१६ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, जुम्ला
बाबुको नामः भादुरे सार्की, बाजेको नामः धनपति सार्की

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (वर्ग मि.मा) |
|---|---|---|---|---|---|---|
| व्यापार कर्जा ६२७७६५ | हर्क साकी | जुम्ला | गर्ज्याङ्गकोट | ५ | ३११, ३२०,३९५, ३९९, ४०५, ४०६ | ३०६, ८३३, ७३५, ३७६, ७१, १७९ |
| | | | | ६ | ९९, ६९, ७१, ३२, ९१, ९ | ३००, ७६०, ५९३, २२३.७५, १११.२५, १६५० |
| | | | | ७ | १४३ | १३६ |
| | | | | ८ | ५२, ५६, ३५ | १५३३, ७४८, ३१८ |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी गर्ने कार्यालय/जिल्ला/मिति | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| हर्क साकी | गर्ज्याङ्गकोट-६, जुम्ला | ११८ | जिल्ला प्रशासन कार्यालय जुम्ला २०४५/०१/१६ | भादुरे सार्की | धनपति सार्की |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना ब्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकको शाखा कार्यालय जुम्लामा जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाडौं।**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# बर्दियाका होमस्टे पर्यटनसँगै गाउँको अर्थतन्त्रमा नयाँ ऊर्जा




**सरला सुवेदी**
**बाँके, २३ जेठ ।**

बर्दिया जिल्ला प्राकृतिक सौन्दर्य, जैविक विविधता र समृद्ध थारु संस्कृतिको अनुपम संगमका रूपमा परिचित हुँदै गएको छ। वन्यजन्तु, नदी, ताल, धार्मिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण बर्दिया पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षणको प्रमुख गन्तव्य बनेको छ। यहाँ सञ्चालनमा रहेका सामुदायिक तथा निजी होमस्टेहरूले स्थानीय संस्कृति, परम्परा र पर्यटनलाई एकै सूत्रमा बाँध्दै ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाएका छन् ।

प्राकृतिक र सांस्कृतिक सम्पदाले सम्पन्न बर्दियामा आउने पर्यटकलाई होमस्टेहरूले स्थानीय जीवनशैली, परम्परागत खानपान, सांस्कृतिक प्रस्तुति तथा आत्मीय आतिथ्यताको अनुभव प्रदान गर्दै आएका छन् । यही कारण पछिल्ला वर्षहरूमा होमस्टे पर्यटनप्रति पर्यटकको आकर्षण उल्लेखनीय रूपमा बढ्दै गएको छ ।

जिल्लामा हाल जनकनगर, गोविन्दपुर, गोब्रेला, ठाकुरबाबा मध्यवर्ती, डल्ला जैविक मार्ग, रम्बापुर, सतखलुवा, सोनारा र लक्ष्मणपुर सामुदायिक होमस्टे गरी नौ वटा सामुदायिक होमस्टे सञ्चालनमा रहेका छन् । यसका अतिरिक्त निजी होमस्टेको संख्या पनि निरन्तर बढ्दो क्रममा रहेको छ ।

होमस्टे सञ्चालक तिलकराम थारुका अनुसार होमस्टे पर्यटनले गाउँघरमै रोजगारी सिर्जना गर्नुका साथै स्थानीय उत्पादनको बजारीकरण र सांस्कृतिक संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको छ । "पर्यटकहरूलाई स्थानीय परिवेशसँग प्रत्यक्ष जोड्ने माध्यम होमस्टे बनेको छ ।

बर्दियाका प्रमुख पर्यटकीय गन्तव्यहरूमा बर्दिया राष्ट्रिय निकुञ्ज, कृष्णसार सरक्षण क्षेत्र, कर्णाली पुल, गेरुवा इन्टेक, बडैयाताल, सतखलुवा ताल तथा केदारेश्वर धाम रहेका छन् । विशेषगरी नेपालको सबैभन्दा लामो पुलका रूपमा परिचित कर्णाली पुल तथा बर्दिया राष्ट्रिय निकुञ्ज वन्यजन्तु अवलोकनका लागि पर्यटकको रोजाइमा पर्ने गरेका छन् ।

पर्यटन व्यवसायसँग सम्बन्धित स्रोतहरूका अनुसार बर्दियामा आउने पर्यटकमध्ये करिब ९० प्रतिशत स्वदेशी र १० प्रतिशत विदेशी पर्यटक रहेका छन् । प्राकृतिक सौन्दर्यसँगै थारु समुदायको मौलिक संस्कृति पर्यटक आकर्षणको अर्को महत्वपूर्ण आधार बनेको छ ।

थारु समुदायका परम्परागत मगौटा, लाठी, झुम्रा र सखिया नाचले पर्यटकलाई स्थानीय संस्कृति र जीवनशैलीसँग नजिकबाट परिचित गराउने गरेका छन् । होमस्टे सञ्चालक गोविन्द थारु र रेणुका थारुका अनुसार सांस्कृतिक कार्यक्रमहरू पर्यटकका लागि विशेष आकर्षण बन्नुका साथै नयाँ पुस्तामा संस्कृति हस्तान्तरण गर्ने प्रभावकारी माध्यम पनि बनेका छन् ।

बर्दिया राष्ट्रिय निकुञ्ज तथा आसपासका सामुदायिक वन क्षेत्र वन्यजन्तु अवलोकनका लागि विश्वमै परिचित मानिन्छन्। यहाँ दुर्लभ पाटेबाघ, एकसिङ्गे गैंडा, जंगली हात्ती, चितुवा, डल्फिन, कृष्णसार, चित्तलगायतका वन्यजन्तु अवलोकन गर्न सकिन्छ । प्राकृतिक वातावरण, जैविक विविधता र सांस्कृतिक सम्पदाको संयोजनले बर्दियालाई विशिष्ट पर्यटन गन्तव्यका रूपमा स्थापित गरेको छ ।

होमस्टे सञ्चालक तथा होमस्टे महासंघका केन्द्रीय सदस्य राजकुमार चौधरीका अनुसार होमस्टे व्यवसायले दुर्गम गाउँलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ । "होमस्टेले स्थानीय आयआर्जन बढाउनुका साथै सडक, सञ्चार, खानेपानीलगायतका पूर्वाधार विकासमा समेत सकारात्मक प्रभाव पारेको छ ।

स्थानीय संस्कृति, परम्परागत खानपान, प्राकृतिक सम्पदा र आत्मीय आतिथ्यताको अद्वितीय संगम बनेका बर्दियाका होमस्टेहरू अहिले पर्यटन प्रवर्द्धनका प्रभावकारी माध्यमका रूपमा स्थापित भएका छन् । यसले एकातर्फ पर्यटकलाई मौलिक ग्रामीण जीवनको अनुभव गराइरहेको छ भने अर्कोतर्फ स्थानीय समुदायको आर्थिक सशक्तीकरण, सांस्कृतिक संरक्षण र दिगो पर्यटन विकासमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ ।

# चपाई/चापागाई एकता समाजको साधारण सभा

**युग संवाददाता**
**सुर्खेत, २३ जेठ ।**

चपाई/चापागाई एकता समाज नेपालको प्रथम साधारण सभा तथा कार्यसमिति गठन कार्यक्रम वीरेन्द्रनगरमा सम्पन्न गरेको छ। समाजका सदस्य तथा शुभेच्छुकहरूको सहभागितामा सम्पन्न कार्यक्रममा संस्थागत एकता, सामाजिक सहकार्य तथा आगामी कार्ययोजनाका विषयमा विस्तृत छलफल गरिएको थियो ।

सभाले सर्वसम्मत रूपमा नयाँ कार्यसमिति चयन गरेको छ। नवगठित कार्यसमितिको अध्यक्षमा उमालाल चपाईंचयन भएका छन् । उपाध्यक्षमा दुर्गा चपाईं, सचिवमा डिल्लीराम चपाईं, कोषाध्यक्षमा यादवप्रसाद चपाईं तथा सहसचिवमा गणेशप्रसाद चपाईं चयन भएका छन् ।

त्यसैगरी सदस्यहरूमा शान्ता पौडेल चपाई, हरिमाया चपाई, निलकण्ठ चपाई, उत्तम चपाई, रोशन चपाई र मोतिप्रसाद चपाई चयन भएका छन् । कार्यक्रममा बोल्दै सहभागीहरूले समाजले देशका विभिन्न स्थानमा रहेका चपाई/चापागाई समुदायबीच आपसी सद्भाव, सहकार्य र एकतालाई थप मजबुत बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए । समाजमार्फत सामाजिक, सांस्कृतिक तथा परोपकारी गतिविधिहरू सञ्चालन गर्दै समुदायका आवश्यकता र हितका पक्षमा काम गर्ने प्रतिबद्धता समेत व्यक्त गरिएको थियो ।

नवनिर्वाचित अध्यक्ष उमालाल चपाईले समाजप्रति व्यक्त गरिएको विश्वासका लागि सम्पूर्ण सदस्यहरूलाई धन्यवाद दिँदै सबैलाई समेटेर संस्थालाई थप सक्रिय, प्रभावकारी र उदाहरणीय बनाउने प्रतिबद्धता व्यक्त गरे ।

# 'एआई एक्सरे'बाट क्षयरोग सङ्क्रमित खोज्दै 'तुलसीपुर'



**युग संवाददाता**
**दाङ, २३ जेठ ।**

दाङको तुलसीपुरलाई क्षयरोगमुक्त बनाउनका लागि ' एआई एक्सरे' मेसिनबाट सङ्क्रमित पहिचान गर्ने गरिएको छ। तुलसीपुरका १९ वटा वडामध्ये १७ वडामा 'एआई एक्सरे'बाट क्षयरोगका बिरामी खोजिएको फोकल पर्सन शिवप्रसाद तिवारीले बताए ।

तुलसीपुरको २ र १३ नम्बरमा भने अझै त्यसरी बिरामी खोजिएको छैन । त्यो बाहेक अन्य १७ वडामा 'एआई एक्सरे' बाट बिरामी खोजिएको उनको भनाइ छ । विभिन्न शिविरमा उक्त मेसिन प्रयोग गरेर सङ्क्रमित खोज्ने गरिएको छ । जसले चिकित्सकलाई क्षयरोग पहिचान गराउन सहज भएको छ ।

"पहिले साधारण एक्सरेबाट क्षयरोग पहिचान गर्ने गरिन्थ्यो," उनले भने-"अहिले एआई एक्सरेबाट रोग पहिचान गर्ने गरेका छौं, त्यसले सहज बनाएको छ ।" एआई एक्सरेले साधारण माइक्रोस्कपी गर्दा पनि नदेखिएको क्षयरोगको सङ्क्रमण देखाउने गरेको तुलसीपुर उपमहानगरपालिकाका जनस्वास्थ्य प्रबर्द्धन शाखा प्रमुख ओमपी न्यौपानेले बताए । उनका अनुसार एआई एक्सरेमा सङ्क्रमण देखिएमा त्यसको पुष्टीका लागि पुनः 'जीनएक्सपर्ट' मेसिनमा परीक्षण गरिन्छ । यो सेवा राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा रहेको छ ।

"हामीले पहिले एआइएक्सरे मेसिनबाट हेर्छौं, त्यसपछि जीनएक्सपर्ट मेसिनमा परीक्षण गरेपछि पोजेटिभ देखिएमा उपचार सुरु गर्छौं", शाखा प्रमुख न्यौपानेले भने, "यसरी हामीले सङ्क्रमित पहिचान गरी उपचार गर्ने गरेका छौं ।

सङ्क्रमितलाई 'डटस्' अर्थात प्रत्येक दिन निगरानी गरेर औषधि खुवाउने गरिएको छ। यसरी छ महिनासम्म प्रत्येक्ष स्वास्थ्यकर्मीको निगरानीमा औषधि खुवाउने गरिएको शाखा प्रमुख न्यौपानेले बताए । तुलसीपुर उपमहानगरपालिकालाई क्षयरोगमुक्त पालिका बनाउने अभियानअन्तर्गत यसरी क्षेयरोग सङ्क्रमितको पहिचान गरि उपचार गर्ने गरिएको छ। हाल उक्त कार्यक्रम दोस्रो वर्षमा सञ्चालित छ। आर्थिक वर्ष २०८१/८२ देखि तुलसीपुरमा उक्त कार्यक्रम सञ्चालनमा आएको हो ।

# सरकार निजी क्षेत्रको साथमा छ : अर्थमन्त्री

**युग संवाददाता**
**काठमाडौँ, २३ जेठ ।**

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले उदारताका साथ आगामी आर्थिक वर्षको बजेटमा उल्लेखनीय सुधार गरिएको स्पष्ट पारेका थिए । नेपाल उद्योग परिसङ्घको २३औँ वार्षिक साधारणसभालाई आज यहाँ सम्बोधन गर्दै अर्थमन्त्री डा वाग्लेले अर्थतन्त्रको संरचनागत सुधारका लागि सरकारले प्रयास गरेको र त्यसमा साथ दिन उद्योगी व्यवसायी तथा सरोकारवालालाई आग्रह गरे ।

निजी क्षेत्रको माग बमोजिम नै बजेटमा कतिपय प्रावधान राखिएको जानकारी दिँदै उनले बिना सङ्कोच लगानी गर्न उनले अनुरोध गरे । सरकारले ऊर्जा र पूर्वाधारको क्षेत्रमा यस पटकको बजेटमार्फत गुणात्मक काम गर्ने प्रयास गरेको र सोहीअनुसार बजेट विनियोजन गरिएको जानकारी दिँदै अर्थमन्त्री डा वाग्लेले केही पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई पनि सहभागी गराउने योजना अगाडि सारिएको बताए । निजी क्षेत्रलाई साथमा लिएर जाने सरकारको सोच सुनाउँदै उनले सामूहिक सङ्कल्पबाट मात्रै राष्ट्रिय हित र अर्थतन्त्रको विकास सम्भव रहेको स्पष्ट पारे ।

आयकरको सीमामा दिइएको छुट, भन्सार तथा अन्य क्षेत्रमा गरिएको नयाँ व्यवस्थाले ठूलो समूहलाई राहत दिएको तथा निजी क्षेत्रलाई पनि ढाढस दिएको अर्थमन्त्री डा वाग्लेको भनाइ थियो । राजनीतिक दृढता, इच्छाशक्ति र जनतासँग गरिएको करारनामाका कारण बजेटमार्फत उल्लेखनीय सुधार गर्ने आँट पैदा भएको उनले स्पष्ट पारे ।

अर्थमन्त्री डा वाग्लेले 'अर्थतन्त्र बिग व्याङ', 'पूर्वाधारमा बिग पुस' र 'सुशासनमा बिग हिट'को नीतिका साथ सरकार अगाडि बढेको उल्लेख गर्दै सरकारलाई निजी क्षेत्रको पूर्ण साथ र सहयोग चाहिने स्पष्ट पारे । बजेटमा आफ्ना कुरा र माग सम्बोधन भएनन् कि भन्नेमा कुनै आशंका नगर्न उनले आग्रह गरे ।

अर्थमन्त्री डा वाग्लेले सरकारले सहजीकरण गर्ने, जोखिम मोलेर लगानी गर्ने, रोजगारी प्रदान गर्ने र अर्थतन्त्र चलायनमान बनाउने निजी क्षेत्र नै भएकाले सात प्रतिशतको आर्थिक बृद्धि हासिल हुन सक्ने विश्वास व्यक्त गरे । डिजिटलाइजेशनमार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाउने, नीतिगत तथा संस्थागत कब्जा अन्त्य गर्ने र योग्यता प्रणालीलाई स्थापित गर्ने उद्देश्यसहित सरकार अघि बढिरहेको उनले स्पष्ट पारे ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोत्तल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA
Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु
- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।